**प्रसारित र वितरण गरिएको शुक्रबारको खुत्बा**

# अपशकुन: यसको खतरा र उपचार

निश्चय नै सबै प्रशंसा अल्लाहकै लागि हो। हामी उहाँकै प्रशंसा गर्छौं, उहाँसँगै सहायता माग्छौं र उहाँसँगै क्षमायाचना गर्छौं। हामी आफ्ना मनका खराबीहरू तथा आफ्ना कर्महरूका दुष्परिणामहरूबाट अल्लाहको शरण माग्छौं। अल्लाहले जसलाई मार्गदर्शन गर्नुहुन्छ, उसलाई कसैले पनि पथभ्रष्ट गर्न सक्दैन। र जसलाई उहाँले पथभ्रष्ट हुन दिनुहुन्छ, उसलाई कसैले पनि मार्गदर्शन गर्न सक्दैन। र म गवाही दिन्छु कि अल्लाहबाहेक कोही सत्य पूज्य छैन। उहाँ एक्लै हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन। र म गवाही दिन्छु कि मुहम्मद ﷺ उहाँका दास र उहाँका रसूल (सन्देशवाहक) हुनुहुन्छ।

{يَاأَيُّهَا الَّذِينَ آمَنُوا اتَّقُوا اللَّهَ حَقَّ تُقَاتِهِ وَلَا تَمُوتُنَّ إِلَّا وَأَنْتُمْ مُسْلِمُونَ} [آل عمران: 102]

"हे ईमानवालाहरू अल्लाहसँग डर राखनुहोस्, जसरी उहाँसँग डर राख्नुपर्ने हो, र मुसलमान भएर मात्र मरनुहोस्।" (आल-इमरान: १०२)

**हे मुस्लिमहरू:** सही ईमान र पूर्ण तौहीद (अल्लाहको एकत्वमा दृढ विश्वास) का आवश्यक कुराहरूमध्ये एउटा कुरा यो हो कि मानिसले आफ्नो ईमान र धर्ममा असर पार्ने, आफ्नो तौहीद र विश्वासमा खोट ल्याउने हरेक कुराबाट आफूलाई जोगाउनुपर्छ।

निश्चय नै, हाम्रो सही धर्मले समाप्त गरेका र हाम्रा आदरणीय रसूल ﷺ ले हामीलाई सावधान गराउनुभएका जाहिलियत (इस्लामपूर्व अज्ञानताको

समय) का प्रचलनहरूमध्ये एउटा अपशकुन मान्नु र नराम्रो शकुन लिनु पनि हो। यसको कारण के हो भने यस्तो अन्धविश्वास गर्ने व्यक्तिको हृदयले आफूले चाहेको कुरा प्राप्त गर्न वा आफूले डराएको कुराबाट बच्न अल्लाहबाहेक अरू कुरातर्फ ध्यान र आशा लगाउन थाल्छ।

निश्चय काफिरहरू चराहरूबाट अपशकुन लिने गर्दथे। जब कुनै चरा दायाँतर्फ उड्थ्यो, उनीहरू भन्थे: "यो शुभ हो।" त्यसपछि आफूले गर्न चाहेको काम अघि बढाउँथे। तर जब चरा बायाँतर्फ उड्थ्यो, उनीहरू भन्थे: "यो अशुभ हो।" अनि त्यो काम गर्नबाट रोकिन्थे। त्यस्तै, जब कुनै काग उनीहरूमध्ये कसैको घरमा आएर बस्दथ्यो, उनीहरू त्यसलाई अपशकुन मान्दै डराउँथे र कुनै नराम्रो घटना घट्ने आशंका गर्दथे।

**अल्लाहका दासहरू:** निश्चय नै अपशकुन मान्ने कुरा विभिन्न रूप र अनेक प्रकारमा हुने गर्दछ। त्यसका केही उदाहरण यस्ता छन्:

कुनै निश्चित अंकलाई अशुभ मान्नु, जस्तै तेह्र (१३) अंकलाई अशुभ मान्नु, जसरी केही इसाईहरूले यस्तो विश्वास गर्ने गर्छन्।

वा कुनै व्यक्तिलाई अशुभ ठान्नु, जस्तै कसैले भन्नु: "फलानो व्यक्तिको अनुहार नै अशुभ छ। म जब-जब ऊसँग यात्रा गर्छु, मलाई यस्तो-यस्तो समस्या आइपर्छ।" त्यस्तै, कतिपय मानिसहरूले भन्ने गर्छन्: "शुभ होस्, वा अशुभ होस्," (चराको उडाइ वा दिशालाई शुभ-अशुभ संकेत मानेर त्यसका आधारमा आफ्नो काम गर्ने वा रोक्ने)। यी सबै कुराहरूबाट इस्लामले निषेध गरेको छ। किनकि भलाइ अल्लाह सर्वशक्तिमानबाट

मात्र आउँछ। सम्पूर्ण भलाइ उहाँकै हातमा छ, र सबै मामिला अन्ततः उहाँतर्फ नै फर्काइन्छ।

वास्तवमा अपशकुन मान्नु शैतानले मानिसको मनमा हाल्ने डर, भ्रम र नराम्रो विचारको परिणाम हो। यसले मानिसलाई अल्लाह तआलाबाहेक अरू कुरासँग आफ्नो भरोसा र आशा जोड्न तथा अल्लाहको बारेमा नराम्रो धारणा राख्न प्रेरित गर्छ। किनकि अपशकुन मान्ने व्यक्तिले कुनै वस्तु वा घटनाले अल्लाह सर्वशक्तिमानको अनुमति र इच्छाबिना नै फाइदा वा नोक्सान पुर्‍याउन सक्छ भन्ने विश्वास गर्न पुग्छ। त्यसैले अपशकुनको यस गलत विश्वासविरुद्ध दृढतापूर्वक संघर्ष गर्नु र यसको जरैदेखि अन्त्य गर्नु आवश्यक छ। विशेषगरी, नबी ﷺ ले यसलाई शिर्क भन्नुभएको छ र आफ्नो उम्मतलाई यसबाट सावधान गराउनुभएको छ। इब्न मसऊद रज़ियल्लाहु अन्हुबाट वर्णित छ, उहाँले भन्नुभयो: अल्लाहका रसूल ﷺ ले भन्नुभयो:

«الطِّيَرَةُ شِرْكٌ، الطِّيَرَةُ شِرْكٌ» [رَوَاهُ أَحْمَدُ وَأَبُو دَاوُدَ، وَصَحَّحَهُ الْأَلْبَانِيُّ]

"अपशकुन मान्नु शिर्क हो, अपशकुन मान्नु शिर्क हो।"

[अहमद र अबू दाऊदले वर्ण गरेका छन् र अल्बानीले यसलाई सही ठहर गरेका छन्।] र अत्तियारह (चराहरूको उडाइ वा दिशाबाट शुभ-अशुभ संकेत लिनु पनि अपशकुन मान्ने विभिन्न रूपहरूमध्ये एउटा हो।

अपशकुन मान्नु रसूलहरूको विरोध गर्ने काफिरहरूको विशेषतामध्ये एक हो। फिरऔनका मानिसहरूलाई जब कुनै विपत्ति वा खडेरी पर्‍यो, उनीहरू

आफ्नो विपत्तिको कारण मूसा र उहाँका साथमा रहेका मानिसहरूको अशुभ प्रभावलाई ठान्थे। अल्लाह तआलाले भन्नुभएको छ:

{وَإِنْ تُصِبْهُمْ سَيِّئَةٌ يَطَّيَّرُوا بِمُوسَى وَمَنْ مَعَهُ} [الأعراف: 131]

"र जब उनीहरूमाथि कुनै नराम्रो अवस्था आइपर्थ्यो, उनीहरू मूसा र उहाँका साथमा भएकाहरूलाई अशुभ ठान्थे" (अल-आराफ: १३१)

त्यसपछि अल्लाह तआलाले उनीहरूको भ्रमको खण्डन गर्दै भन्नुभयो:

{أَلَا إِنَّمَا طَائِرُهُمْ عِنْدَ اللَّهِ}

"सुन! उनीहरूको अशुभ शकुन त अल्लाहकै अधीनमा छ"

अर्थात्, उनीहरूमाथि आइपरेको विपत्ति अल्लाहको फैसला र तकदीरअनुसार नै आएको थियो। यसको कारण उनीहरूको कुफ्र, पाप तथा मूसा (अलैहिस्सलाम) लाई झूटो ठहराउनु थियो। त्यसपछि अल्लाह तआलाले उनीहरूमध्ये अधिकांशलाई अज्ञानतामा रहेको बताउँदै भन्नुभयो:

{وَلَكِنَّ أَكْثَرَهُمْ لَا يَعْلَمُونَ}

"तर उनीहरूमध्ये अधिकांशले जान्दैनन्"

मुस्लिम एकेश्वरवादी मोमिनहरूको अवस्था भने यस्तो हुन्छ कि उनीहरू तौहीदको रक्षा गर्न अत्यन्त सचेत हुन्छन् र तौहीदमा कुनै कमी गर्ने व्यक्तिको गलत कार्यलाई कडा रूपमा अस्वीकार गर्छन्। एकपटक एउटा

चरा कराउँदै उडेर गयो। एक जना मानिसले भन्यो: “शुभ हो, शुभ हो।” त्यसबेला इब्न अब्बास रज़ियल्लाहुअनहोमाले भन्नुभयो:

«لَا خَيْرَ وَلَا شَرَّ»

“न शुभ हो, न अशुभ।”

उहाँ रज़ियल्लाहुअनहोमाले तुरुन्तै त्यस व्यक्तिको भनाइलाई अस्वीकार गर्नुभयो, ताकि उसले त्यो चराको उडाइ वा आवाजले शुभ वा अशुभ प्रभाव पार्छ भन्ने विश्वास नगरोस्।

**मुस्लिमहरू का समुदायहरू:** कहिलेकाहीँ अपशकुन मान्ने भावना मानिसको मनमा अनायासै उत्पन्न हुन सक्छ। कुनै वस्तु वा घटनालाई बिना इच्छा वा उद्देश्य नै अशुभ ठान्ने अवस्था आउन सक्छ। यस्तो भावनाबाट पूर्ण रूपमा जोगिन धेरै मानिसहरूलाई कठिन हुन्छ। यदि कसैको मनमा यस्तो भावना अनायासै उत्पन्न भयो, तर उसले त्यसलाई कुनै महत्व दिएन, त्यसको आधारमा आफ्नो काम रोकेन र आफ्नो रब (पालनकर्ता) माथि भरोसा गर्दै—उहाँको डर र आशा राखेर—आफूले गर्न चाहेको काम गर्‍यो भने त्यसले उसलाई कुनै हानि पुर्‍याउँदैन। र नबी ﷺ ले आदेश दिनुभएको कुरा उसले भन्नुपर्छ:

«فَإِذَا رَأَى أَحَدُكُمْ مَا يَكْرَهُ فَلْيَقُلْ: اللَّهُمَّ لَا يَأْتِي بِالْحَسَنَاتِ إِلَّا أَنْتَ، وَلَا يَدْفَعُ السَّيِّئَاتِ إِلَّا أَنْتَ، وَلَا حَوْلَ وَلَا قُوَّةَ إِلَّا بِكَ» [رَوَاهُ أَبُو دَاوُدَ بِسَنَدٍ صَحِيحٍ]

"यदि तिमीहरूमध्ये कसैले आफूलाई मन नपर्ने कुनै कुरा देख्यो भने उसले यसो भन्नुपर्छ: हे अल्लाह! असल कुराहरू ल्याउने तपाईं बाहेक

कोही छैन, र नराम्रा कुराहरू हटाउने पनि तपाईं बाहेक कोही छैन। तपाईंको सहयोगबिना न कुनै शक्ति छ, न कुनै सामर्थ्य।" (अबू दाऊदले सही सनदका साथ वर्ण गरेका छन्)

तर जसले आफूलाई मन नपर्ने कुनै कुरा देख्यो वा सुन्यो र त्यसलाई अपशकुन ठानी आफूले गर्न चाहेको काम त्यागिदियो, उसले निन्दनीय काम गरेको छ र ठूलो पाप गरेको छ। त्यसैले उसले तुरुन्तै अल्लाह तआलासँग तौबा गर्नुपर्छ।

अब्दुल्लाह बिन अम्र रज़ियल्लाहुअनहोमाबाट वर्णित छ। उहाँले भन्नुभयो: अल्लाहका रसूल ﷺ ले भन्नुभयो:

«مَنْ رَدَّتْهُ الطِّيَرَةُ مِنْ حَاجَةٍ فَقَدْ أَشْرَكَ»

"जसलाई अपशकुनले आफ्नो कुनै आवश्यक काम गर्नबाट रोक्यो, उसले शिर्क गऱ्यो।"

सहाबाहरूले सोधे:

"हे अल्लाहका रसूल! त्यसको प्रायश्चित्त के हो"? उहाँ ﷺ ले भन्नुभयो:

"«أَنْ يَقُولَ أَحَدُهُمْ: اللَّهُمَّ لَا خَيْرَ إِلَّا خَيْرُكَ، وَلَا طَيْرَ إِلَّا طَيْرُكَ، وَلَا إِلَهَ غَيْرُكَ» [رَوَاهُ أَحْمَدُ بِسَنَدٍ حَسَنٍ]

"तिनीहरूमध्ये कसैले यसो भनून्: हे अल्लाह तपाईंको भलाइबाहेक कुनै भलाइ छैन, तपाईंले निर्धारण गर्नुभएको बाहेक कुनै अशुभ शकुन छैन, र तपाईं बाहेक अरू कुनै सत्य पूज्य छैन।"" (इमाम अहमदले हसन सनदका साथ वर्णगरेका छन्)

त्यसैले प्रत्येक मुस्लिमले यस्ता झूटा र आधारहीन विश्वासहरूबाट आफू पनि सावधान रहनुपर्छ र अरूलाई पनि सावधान गराउनुपर्छ। किनकि अपशकुन मान्ने व्यक्तिले अल्लाहमाथिको आफ्नो भरोसा तोडेर केवल भ्रम र कल्पनामा आधारित कुरासँग आफ्नो मन जोडेको हुन्छ। बरु, उसले आफ्ना सबै मामिलाको नियन्त्रण जसको हातमा छ, त्यस्ता आफ्ना पालनकर्तामाथि पूर्ण भरोसा गर्नुपर्छ। यी भ्रम, अन्धविश्वास र काल्पनिक धारणाहरूका कारण आफूले गर्नुपर्ने कामबाट पछि हट्नु हुँदैन।

अल्लाहले मलाई र तपाईंहरूलाई महान् कुरआनमा बरकत प्रदान गरून्, र त्यसमा रहेका आयतहरू तथा बुद्धिमत्तापूर्ण उपदेशद्वारा मलाई र तपाईंहरूलाई लाभ प्रदान गरून्। म आफ्नो यो कुरा भन्छु र मेरा तथा तपाईंहरूका सबै पापका लागि अल्लाहसँग क्षमायाचना गर्छु। उहाँकै सामु तौबा गर्छु। निश्चय नै उहाँ नै अत्यन्त क्षमाशील र परम दयालु हुनुहुन्छ।

## दोस्रो खुत्बा

सम्पूर्ण प्रशंसा सम्पूर्ण संसारका पालनकर्ता अल्लाहकै लागि हो। हाम्रा नबी मुहम्मद ﷺ जो सबै रसूलहरूमध्ये सर्वश्रेष्ठ हुनुहुन्छ, उहाँमाथि तथा उहाँका सम्पूर्ण परिवार र सहाबाहरूमाथि अल्लाहको कृपा, शान्ति र आशीर्वाद रहोस्।

**अबत्यसपछि:** म आफूलाई र तपाईंहरू सबैलाई अल्लाह तआलासँग तक्वा अपनाउन उपदेश दिन्छु। किनकि जसले अल्लाहसँग तक्वा अपनाउँछ,

अल्लाहले उसको रक्षा गर्नुहुन्छ, उसलाई हरेक खराबीबाट सुरक्षित राख्नुहुन्छ र आफ्नो संरक्षणमा राख्नुहुन्छ।

**अल्लाहका दासहरू:** अपशकुन मान्नु र शुभ संकेतबाट आशावादी हुनुबीच ठूलो फरक छ। अपशकुन मान्नु शिर्क हो र हराम (निषेधित) हो, जबकि शुभ संकेतबाट आशावादी हुनु राम्रो र मुस्तहब (मनपर्ने तथा पुण्यको काम) हो। अपशकुन मान्नु अल्लाह जल्ला वअला प्रति नराम्रो धारणा राख्नु हो भने, शुभ संकेतबाट आशावादी हुनु अल्लाह सर्वशक्तिमानप्रति राम्रो धारणा राख्नु हो। मुस्लिमलाई हरेक अवस्थामा अल्लाह जल्ला वअलाप्रति राम्रो धारणा राख्न आदेश दिइएको छ। फअल (शुभ संकेतबाट आशावादी हुनु) भन्नाले मानिसले अल्लाहमाथि भरोसा गर्दै कुनै काम गर्ने वा त्यसको दृढ संकल्प गर्ने क्रममा आफूलाई खुसी बनाउने कुनै राम्रो कुरा सुन्नु हो। त्यसपछि त्यो राम्रो कुराले उसमा आफूले अघि बढेको कामप्रति थप उत्साह र हिम्मत पैदा गर्छ, उसको मन प्रसन्न हुन्छ र हृदय आनन्दित हुन्छ। उदाहरणका लागि, कसैले “मुबारक” (बरकतयुक्त) नाम भएको व्यक्तिलाई देख्यो र त्यस दिन आफ्नो काममा बरकत हुने आशा राख्यो भने, यो शुभ संकेतबाट आशावादी हुनु हो। अनस रज़ियल्लाहुअनहोबाट वर्णित छ कि नबी ﷺ ले भन्नुभयो:

«لَا عَدْوَى وَلَا طِيَرَةَ، وَيُعْجِبُنِي الْفَأْلُ الصَّالِحُ: الْكَلِمَةُ الْحَسَنَةُ» [مُتَّفَقٌ عَلَيْهِ]

"कुनै रोग आफैं सर्ने भन्ने छैन, र अपशकुन पनि छैन। तर मलाई राम्रो शुभ संकेत मन पर्छ: अर्थात्: राम्रो कुरा वा शब्द।” (बुखारी र मुस्लिम दुवैले वर्णगरेका छन)

हुदैबियाको सन्धिको अवसरमा, सुहैल बिन अम्र रज़ियल्लाहुअनहो त्यतिबेला उहाँ मुस्लिम नभई काफिर हुनुहुन्थ्यो—नबी ﷺ कहाँ आउनुभयो त्यसैले नबी ﷺ ले उहाँको नामबाट शुभ संकेत लिँदै भन्नुभयो:

«لَقَدْ سَهُلَ لَكُمْ مِنْ أَمْرِكُمْ» [رَوَاهُ الْبُخَارِيُّ عَنْ عِكْرِمَةَ مُرْسَلًا]

"तिमीहरूको काम अब सहज भएको छ।" (इक्रिमाबाट मुरसल रूपमा बुखारीले वर्ण गरेका छन्)

इमाम इब्नुल-कय्यिम रहेमहुल्लाहले भन्नुभएको छ:

(وَلَيْسَ فِي الْإِعْجَابِ بِالْفَأْلِ وَمَحَبَّتِهِ شَيْءٌ مِنَ الشِّرْكِ، بَلْ ذَلِكَ إِبَانَةٌ عَنْ مُقْتَضَى الطَّبِيعَةِ وَمُوجَبِ الْفِطْرَةِ الْإِنْسَانِيَّةِ الَّتِي تَمِيلُ إِلَى مَا يُلَائِمُهَا وَيُوَافِقُهَا مِمَّا يَنْفَعُهَا)

"राम्रो शुभ संकेत मन पराउनु र त्यसबाट खुसी हुनुमा शिर्कको कुनै कुरा छैन। बरु, यो मानिसको स्वाभाविक प्रकृति र मानवीय फित्रतको अभिव्यक्ति हो, जसले आफूलाई अनुकूल, मनपर्ने र लाभदायक कुरातर्फ स्वाभाविक रूपमा आकर्षित हुन्छ।" त्यसैले आफ्ना पालनकर्ता अल्लाहप्रति राम्रो धारणा राख्नुहोस् र आफ्ना सबै मामिलामा उहाँमाथि भरोसा गर्नुहोस्। अल्लाह तआलाप्रति नराम्रो धारणा राख्नदेखि सावधान रहनुहोस्। किनकि उहाँको हरेक फैसला भलाइले भरिएको हुन्छ। र जसले कुनै वस्तुसँग आफ्नो हृदय जोड्छ, उसलाई त्यही वस्तुको भरमा छोडिन्छ।

{عَلَيْهِ تَوَكَّلْتُ وَإِلَيْهِ أُنِيبُ} [هود: 88]

"मैले उहाँमाथि नै भरोसा गरेको छु र उहाँतर्फ नै फर्कन्छु।" (हूद: ८८)

**हे अल्लाह** हामीलाई आफ्नो हलाल (वैध) माध्यमद्वारा हराम (अवैध) बाट पर्याप्त गराइदेनुहोस्, र आफ्नो कृपाले हामीलाई आफू बाहेक अरू सबैबाट निर्भरमुक्त बनाइदिनुहोस्। **हे अल्लाह** ईमानलाई हाम्रो लागि प्रिय बनाइदिनुहोस् र हाम्रो हृदयमा त्यसलाई सुन्दर बनाइदिनुहोस्। कुफ्र, पापाचार र अवज्ञालाई हाम्रो लागि अप्रिय बनाइदिनुहोस्, र हामीलाई सही मार्गमा हिँड्नेहरूमध्ये बनाइदिनुहोस्। **हे अल्लाह** इस्लाम र मुस्लिमहरूलाई सम्मान र शक्ति प्रदान गर्नुहोस्। शिर्क र मुश्रिकहरूलाई पराजित र अपमानित गर्नुहोस्। आफ्नो धर्म, आफ्नो किताब कुरआन, आफ्ना नबी ﷺ को सुन्नत र आफ्ना ईमानवाला भक्तहरूलाई सहायता प्रदान गर्नुहोस्। **हे अल्लाह** सबै मुस्लिम पुरुष र मुस्लिम महिलाहरूलाई, सबै मोमिन पुरुष र मोमिन महिलाहरूलाई - जीवित तथा मृत सबैलाई - क्षमादान गर्नुहोस्। **हे अल्लाह** हाम्रा अमीर र उहाँका उत्तराधिकारीलाई आफ्नो मार्गदर्शनअनुसार चल्ने तौफीक प्रदान गर्नुहोस्। उनीहरूका सबै कार्यहरूलाई आफ्नो आज्ञापालन र प्रसन्नताअनुकूल बनाइदिनुहोस्। र यस देशलाई सुरक्षित, शान्त, समृद्ध र सुखी बनाइदिनुहोस्। यसलाई सुरक्षा र ईमानको भूमि बनाइदिनुहोस्, र सम्पूर्ण मुस्लिम देशहरूलाई पनि शान्ति, सुरक्षा र ईमान प्रदान गर्नुहोस्।

**जुमाको नमाजका लागि नमुना खुत्बा तयार गर्ने समिति।**